नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र,
धुलिखेल, काभ्रेपलाञ्चोक

## टोटल स्टेशन, डि.जि.पि.एस., सोलार सिस्टम र फिल्डक्याम्पिङ्ग पाल खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७२।०६।१७)**

यस केन्द्रलाई आवश्यक टोटल स्टेशन, डि.जि.पि.एस., सोलार सिस्टम, फिल्डक्याम्पिङ्ग पाल सम्बन्धी यन्त्र उपकरण सिलबन्दी बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म/संस्था/कम्पनीहरुबाट यो सूचना तथा बोलपत्र फाराममा उल्लेखित शर्त एवं रीत पुरा गरी मिति २०७२।०७।१६ गते भित्र यस केन्द्रबाट बोलपत्र खरिद गरी मिति २०७२।०७।१७ मध्यान्ह १२:०० बजे भित्र यस भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रमा सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै e-bidding का लागी www.bolpatra.gov.np मा हेर्नुहुन पनि सुचीत गरिन्छ।

| प्याकेज. नं. | बोलपत्र नं. | कार्यको विवरण |
|---|---|---|
| १ | १-०७२।०७३ | A complete set of Total Station with Accessories and Software — ६ थान |
| २ | २-०७२।०७३ | A complete set of D.G.P.S with Accessories and Software — १ सेट (२ पिस) |
| ३ | ४-०७२।०७३ | फिल्डक्याम्पिङ्ग पाल — २५ थान |
| ४ | ५-०७२।०७३ | A complete set of Solar System — १ सेट |

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००।– (एक हजार) फिर्ता नहुने गरी नगद बुझाइ मिति २०७२।०७।१६ गते सम्म कार्यालय समयमा फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता र स्थायी लेखा दर्ता नम्बर प्रमाणपत्र तथा आ.व. २०७०/०७१ सम्मको कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि सक्कल निवेदन पेश गरी मात्र यस केन्द्रको भण्डार फाँटबाट प्राप्त गर्न सकिनेछ ।

२. सिलबन्दी बोलपत्र मिति २०७२।०७।१७ (बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) मध्यान्ह १२:०० बजेसम्ममा खामको बाहिर बोलपत्र नं., कार्यको विवरण तथा सम्बन्धित फर्मको नाम, ठेगाना, फोन नं. उल्लेख गरी, यस केन्द्रमा दर्ता गर्न सकिनेछ ।

३. बोलपत्रदाताले सिलबन्दी बोलपत्र साथ प्याकेज १ टोटलस्टेसनका लागी रु.१,१०,०००।— (एक लाख दश हजार मात्र), प्याकेज २ डि.जि.पि.एस.का लागी रु.४०,०००।— (चालिस हजार मात्र), प्याकेज ३ फिल्डक्याम्पिङ्ग पालका लागी रु.३०,०००।— (तिस हजार मात्र) र प्याकेज ४ सोलार सिस्टमका लागी रु. २५,०००।- (पच्चिस हजार मात्र) रकम धरौटी वापत कोष तथा लेखा नियन्त्रक कार्यालय, काभ्रेको नाममा राष्ट्रिय बाणिज्य बैंक, धुलिखेलमा रहेको ख. ३ धरौटी खाता नं. १०४०२०३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सोही रकम बराबरको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको यस केन्द्रको नाममा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको ढाँचा (Tender Document मा भएको ढाँचा) मा जारी गरेको बैंक जमानीपत्र (Bid-Bond) संलग्न हुनुपर्नेछ ।

४. बोलपत्रदाताले बोलपत्र साथ सम्बन्धित कम्पनीको अधिकृत बिक्रेता वा आधिकारिक बिक्रि वितरण गर्न इजाजत प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण सहितको आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी साथै आ.व. २०७०/०७१ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ ।

५. बोलपत्रको मान्य हुने अवधि बोलपत्र दाखिला गर्ने अन्तिम दिन देखि ९० (नब्बे) दिनसम्म हुनेछ ।

६. बोलपत्रदाताले परिमाणको मुल्य पत्र (BOQ) मा मूल्य अभिवृद्धिकर (VAT) बाहेक तिर्नुपर्ने सबै कर र अन्य शुल्क समावेश गरी अंक र अक्षर दुवैमा स्पष्टसंग दररेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

७. यस सूचनाको म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका सिलबन्दी बोलपत्रहरु मिति २०७२।०७।१७ (बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) दिनको १४:०० बजे यस भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेलमा बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. सार्वजनिक खरिद सम्बन्धी ऐन, २०६३ र सोको नियम २०६४ (संशोधन सहीत) बमोजिम रीत नपुगेको बोलपत्रमा कुनै कारवाही गरिने छैन ।

९. सिलबन्दी बोलपत्र स्वीकृत गर्ने, अस्वीकृत वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ ।

१०.स्वीकृत बोलपत्रदाताले सम्झौता भएको ३५ (पैतीस) दिनभित्र तोकिएका यन्त्र उपकरण यस केन्द्रमा आपूर्ति गरिसक्नु पर्नेछ ।

११.यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुने छन् ।

१२.सिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस केन्द्रमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।